# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/१०/१३ गते

आज मिति २०८२ साल माघ १३ गते मंगलबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

CamScanner

**मोदी गाउँपालिका गाउँ कार्यपालिका**

**बैठक मिति २०८२/१०/१३ गतेको निर्णय**

**निर्णय नं.१**

कार्यपालिकाको मिति २०८२ पौष २८ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं. २**

संघिय सरकारको समपुरक अनुदान सम्बन्धी पहिलो संशोधन कार्यविधि २०८२ को अधिनमा रहि आ.व. २०८३/०८४ मा संघिय समपुरक अनुदान अन्तर्गत कार्यान्वियन हुनेगरी तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकताक्रम सहितको प्रस्ताव राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाउने।

**तपसिल**

| क. सं. | योजना आयोजना कार्यक्रमको नाम | प्रस्तावित योजना आयोजना कार्यक्रमको लागी प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | मख-देउपुर-ठुलीपोखरी-पुर्णगाउँ-लाङदी-घुरुङ्गा सडक स्तरोन्नती | २०००००००।- (अक्षरेपी दुई करोड) | |
| २ | पातीचौर- टिमुरे- क्याङ सडक स्तरोन्नती | १५००००००।- (अक्षरेपी रु एक करोड पचास लाख) | |
| ३ | लामद्वाली- लौसीबोट- भुक- झिलिबराङ सडक स्तरोन्नती | १५००००००।- (अक्षरेपी रु एक करोड पचास लाख मात्र) | |

**निर्णय नं ३**

सडक बोर्ड नेपालवाट स्थानिय सडक मर्मत संभार कार्यको लागी ९२००००।– (अक्षरेपी रु. नौ लाख बीस हजार मात्र) स्वीकृत भई आएको हुँदा सडक बोर्ड नियमावली २०६० को परिच्छेद (३) नियम (९) तथा सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वयन मार्गदर्शनको अधिनमा रहि गाउँपालिकाको तर्फबाट ३० प्रतिशतले हुन आउने रकम रु ३९४२८६।- (अक्षरेपी रु. तीन लाख चौरानब्बे हजार दुई सय छयासी मात्र) चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट शिर्षक नं. २२५२२ (सरकारी गैरसरकारी सामुदायिक संघ संस्थासँग कम्तिमा ५० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन) बाट समपुरक कोष (Matching Fund) मा स्रोत सुनिश्चितता सहित तपशिल बमोजिमको योजना स्वीकृत गरी सडक बोर्ड नेपालमा सहमतिको लागी पठाउने ।

**तपसिल**

| क सं | योजना आयोजनाको नाम | आयोजना संचलन हुने स्थान | कैफियत |
|---|---|---|---|
| ०१ | पातीचौर टिमुरे क्याङ सडक स्तरोन्नती | मोदी गाउँपालिका | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

गाउँ मोदी गाउँपालिका
कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं ४

संघिय सरकारको विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन कार्यविधि २०८२) को अधिनमा रहि आ. व. २०८३।०८४ मा संघिय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकताक्रम सहितको प्रस्ताव राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाउने।

तपसिल

| क्र. सं. | योजना आयोजना कार्यक्रमको नाम | प्रस्तावित योजना आयोजना कार्यक्रमको लागी प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक विकासको लागी सेवाको गुणस्तर अभिवृद्धि | २००००००० ।– (अक्षरेपी दुई करोड) | |
| २ | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागी बर्थिङ सेन्टरमा शैया तथा उपकरण खरिद तथा आमा घर निर्माणको लागि तला थप व्यवस्थापन | १००००००० ।– (अक्षरेपी रु एक करोड) | |
| ३ | आधारभूत सरसफाईका लागी गाउँपालिकास्तरिय ल्याण्डफिल साईट निर्माण | २००००००० ।– (अक्षरेपी रु दुई करोड) | |
| ४ | उद्यमशिलता विकासको लागी उपकरण प्रविधि र वित्तिय एवं बजार पहुँच सहितको एकिकृत तालिम प्याकेज | १००००००० ।– (अक्षरेपी रु एक करोड) | |

निर्णय नं ५

गण्डकी प्रदेश सरकारको समपुरक अनुदान सम्बन्धी प्रचलित कानुनको अधिनमा रहि आ.व. २०८३।०८४ मा प्रदेश समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुनेगरी तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्राथमिकताक्रम सहितको प्रस्ताव गण्डकी प्रदेश नीति तथा योजन आयोगमा सिफारिस गरी पठाउने।

तपसिल

| क्र. सं. | योजना आयोजना कार्यक्रमको नाम | प्रस्तावित योजना आयोजना कार्यक्रमको लागी प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | गाडतारा-गिज्यान-तिलाहार-थामर्जुङ-जायगाउँ सडक निर्माण तथा स्तरोन्त्री | १५००००००।- (अक्षरेपी एक करोड पचास लाख) | |
| २ | गँगटे - गोतामेथर- राम्जा राँपु आर्थर डाँडाखर्क हुँदै स्याङ्जा सडक स्तरोन्नती | १५००००००।- (अक्षरेपी रु एक करोड पचास लाख) | |
| ३ | वाजुङ वृहत सिंचाई योजना | १५००००००।- (अक्षरेपी रु एक करोड पचास लाख मात्र) | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | बाजुङ वृहत सिंचाई योजना | १५००००००।- (अक्षरेपी रु एक करोड पचास लाख मात्र) | |

**निर्णय नं ६**

गण्डकी प्रदेश सरकारको मिति २०८२।०७।११ को निर्णय कार्यान्वयन गर्ने गराउने बारेको आर्थिक मामिला मन्त्रालयको मिति २०८२।१०।१२ को पत्रानुसार निर्देशन भए बमोजिम पुरातात्विक महत्वका सम्पदाको संरचना निर्माण संरक्षण तथा पुर्ननिर्माणका आयोजनाहरु बाहेक गण्डकी प्रदेश सरकारबाट संचालन हुने, नेपाल सरकारबाट वित्तिय हस्तान्तरण भएका, प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण भई स्थानिय तहबाट सञ्चालन हुने रु. १० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने नगराउने र एकपटक सुचना प्रकाशन भई ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुन नसकेका र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गराउन सकिने आयोजना तथा कार्यक्रम गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयको सहमति लिई उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने ।

**निर्णय नं ७**

मोदी गाउँपालिकाको चालु आ व २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं ३११५९ विद्यालयको भौतिक संरचना मर्मत सम्भार फर्निचर सौन्दर्यीकरणको लागी विनियोजित बजेट रकम रु १००००००।– (अक्षरेपी रु दश लाख) बाँडफाँड गरी तपशिल बमोजिमका विद्यालयहरुको भौतिक संरचना मर्मत सम्भार गर्ने।

तपशिल

| क सं | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट रु | संचालन हुने कार्य तथा क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | डिमुवा आ वि | मोदी ६ | २५००००।- | कक्षाकोठा मर्मत रंगरोगन |
| २ | तुलोदय मा वि | मोदी ६ | १५००००।- | कक्षा कोठा मर्मत रंगरोगन |
| ३ | विश्वशान्ति प्रा वी | मोदी ५ | २०००००।- | कक्षाकोठा मर्मत |
| ४ | नवज्योती आ वि | मोदी ६ | १०००००।- | शौचालय मर्मत संभार |
| ५ | सरस्वती मा वि | मोदी ५ | १५००००।- | बालकक्षा कोठा मर्मत |
| ६ | धौलाश्री प्रा वि | मोदी ८ | ५००००।- | झ्याल ढोका मर्मत सम्भार |
| ७ | क्याङ कर्वकिली आ वि | मोदी ४ | १०००००।- | शिक्षक आवास मर्मत तथा व्यवस्थापन |
| | कुल जम्मा | | १००००००।- | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं ८**

मोदी गाउँपालिकाको चालु आ व २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं २५३११ आवासिय माध्यमिक विद्यालय विकास अनुदान कार्यक्रम लागी विनियोजित बजेट रकम रु २००००००। अक्षरेपी रु बिसलाख देहाय बमोजिम बाँडफाँड गरी कार्यक्रम संचालन गर्ने ।

**तपसिल**

| क्र सं | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट रु | संचालन हुने कार्य तथा क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | जनशिद्ध मा वि | मोदी ८ | ५५००००।- | पुर्ण आवासिय कार्यक्रम संचालनको लागी खाद्यान्न आवास व्यवस्थापन तथा अतिरिक्त कक्षा संचालन |
| २ | तुलोदय मा वि | मोदी ६ | १२५०००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ३ | जननेत्र मा वि | मोदी २ | २०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ४ | हिमालय मा वि | मोदी ३ | १२५०००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ५ | पशुपति मा वि | मोदी ७ | १०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ६ | नवज्योती थप मा वि | मोदी १ | २०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ७ | महेन्द्र शिखरी मा वि | मोदी ५ | १०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ८ | नव जागृत मा वि | मोदी ६ | २५००००।- | (दिवा आवासिय) परिक्षा व्यवस्थापन खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ९ | सरस्वती मा वि | मोदी ५ | १५००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| १० | भूक देउराली मा वि | मोदी १ | १०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| ११ | लेस्पार मा वि | मोदी ४ | १०००००।- | (दिवा आवासिय) खाजा तथा अतिरिक्त कक्षा संचालन |
| कुल जम्मा | | | २००००००।- | |

**निर्णय नं ९**

नेपाल सरकार शशर्त अनुदान तर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनको लागी विद्यालय अनुदान व्यवस्थापन सम्बन्धि प्रचलित कानुनी व्यवस्था बमोजिमको मुल्यांकनको आधारमा विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने ।

**निर्णय नं १०**

मोदी गाउँपालिका वडा नं १ स्थित पिपल चौतारी युवा क्लवलाई विविध खेलकुद गतिबिधि तथा कार्यक्रमहरु संचालन वापत चालु आ.व. २०८२।८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत युवा सँग उपाध्यक्ष

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

कार्यक्रम शिर्षकबाट प्रचलित कानुन बमोजिमको आवश्यक कागजातहरु तथा कार्यक्रमको प्रस्तावनाको आधारमा रु ३००००।– (अक्षेरेपी रु. तीस हजार मात्र) प्रदान गर्ने ।

**निर्णय नं ११**

मोदी गाउँपालिका वडा नं ६ स्थित उद्यमशिल आमा समुहलाई महिला सशक्तिकरण तथा सचेतनामुलक कार्यक्रम एवं तिज विशेष कार्यक्रमहरु वापत चालु आ.व. २०८२।८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अध्यक्ष सँग दिदीबहिनी कार्यक्रम शिर्षकबाट प्रचलित कानुन बमोजिमको आवश्यक कागजातहरु तथा कार्यक्रमको प्रस्तावनाको आधारमा रु ३००००।– (अक्षेरेपी रु. तीस हजार मात्र उपलब्ध गराउने ।

**निर्णय नं १२**

मोदी गाउँपालिका वडा नं ६ दराक बस्ने मोहन गिरीको छोरा चन्द्र गिरीको आँटी सहितको पुरानो घुमाउने घरको पछिल्लो भागमा २०८२।०५६।१२ गतेको अविरल वर्षाको कारण क्षति पुगेको हुँदा ६ नं वडा कार्यालय तथा डिमुवा प्रहरी चौकीको स्थलगत मुचुल्का तथा निज निवेदकको मिति २०८२।०६।२४ गतेको निवेदन समेतको आधारमा रु तत्काल राहत स्वरुप उपलब्ध गराईएको रु १५०००।– (अक्षेरेपी रु पन्ध्र हजार मात्र) को खर्च अनुमोदन गर्ने ।

**निर्णय नं १३**

मोदी गाउँपालिका भित्रका विभिन्न सहकारीहरुको क्षमता अभिबृद्धि एवं सहकारी संस्थाहरुको सुशासन, वित्तिय जोखिम न्यूनीकरण, आन्तरिक नियन्त्रण प्रणालीको विकास लगायतका संस्थागत सवलीकरण एवं क्षमता विकासका कार्यक्रमहरु संचालन तथा वित्तिय अवस्थाको विश्लेषण लगायतका पक्षहरुको अध्यन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी प्रस्ताव आव्हानको लागी सुचना प्रकाशन गरी चालु आ.व. २०८२।०८३ को लागी सम्बनध्त शिर्षकको लागी विनियोजित बजेट एवं प्रचलित कानुनी व्यवस्था बमोजिमको विधि प्रक्रियाको अधिनमा रहि कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं १४**

स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७, जनस्वास्थ्य सेवा नियमावली २०७७ तथा अन्य प्रचलित ऐन, कानुनमा उल्लेखित भौतिक पूर्वाधारहरु, मापदण्डहरु एंव जनशक्ती व्यवस्थापन लगायतका शर्तहरु अनिवार्य रुपमा गर्ने एवं अन्य सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने भएमा सो समेत लिने शर्तमा मोदी गाउँपालिका वडा नं ६ डिमुवामा संचालन गर्नेगरी श्री युनिमेड सेन्टर प्रा.लीलाई "E" वर्गको प्याथोलोजी ल्यावको लागि अनुमति प्रदान गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी थापा
अध्यक्ष

CamScanner

**निर्णय नं १५**

लेस्पार देखी तल्लो चौर खानेपानी आयोजनाको लागि चालु आ.व ०८२/०८३ को स्वीकृत वार्षिक बजेट शिर्षक नं.३११५९( समुदाय/टोल सुधार समिति सँग साझेदारीमा पुर्वाधार निर्माण तथा विविध कार्यक्रम संचालन)विनियोजित बजेट मध्यबाट रु १५०००० (अक्षरेपी रु एक लाख पचास हजार) स्रोत सुनिश्चित गर्ने ।

**निर्णय नं १६**

पर्वत महोत्सवमा मोदी गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहमति जनाएको गाउँपालिकाको भलिवल टिमको व्यवस्थापन वापतको खर्च रकम रु ५९०००।- (अक्षरेपी उन्साठी हजार) चालु आ.व ०८२/०८३को लागि स्वीकृत वार्षिक बजेट शिर्षक नं.२२५२२ (उपाध्यक्ष सँग युवा कार्यक्रम) वाट खर्च लेख्ने गरी स्रोत सुनिश्चि गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हरिदेवी शर्मा
अध्यक्ष